## त्रिभुवन विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय, बल्खु

## प्रवीणता प्रमाणपत्र तह द्वितीय खण्डको २०६८ सालको मौका (पूरक) परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना

२०६७ सालमा पहिलो पटक प्रथम खण्डको परीक्षामा नियमित तथा प्राइभेट परीक्षार्थीको रुपमा सबै विषय उत्तीर्ण गरी २०६८ सालको द्वितीय खण्डको परीक्षामा पनि सबै विषयमा सम्मिलित भई कुनै एक सैद्धान्तिक विषयमा (पत्रमा) मात्र अनुत्तीर्ण भएका प्रवीणता प्रमाणपत्र तह द्वितीय खण्डका मानविकी, व्यवस्थापन, विज्ञान र शिक्षाशास्त्र तर्फका (क्याम्पसका र प्राइभेट) विद्यार्थीहरुले मिति २०६८ मंसीर ९ गतेभित्र आवश्यक प्रक्रियाहरु पुऱ्याई क्याम्पसका विद्यार्थीहरुले आ-आफ्नो क्याम्पसमा र प्राइभेट विद्यार्थीले आफुलाई पायक पर्ने निम्न स्थान मध्ये कुनै एक स्थानमा **मौका (पूरक)** परीक्षाको परीक्षा आवेदन फारम भरि बुझाउन सक्ने छन् ।

**काठमाण्डौं- त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय, बल्खु**
**पूर्वाञ्चल - त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, (स्नातकोत्तर क्याम्पस भवन, विराटनगर)**
**पश्चिमाञ्चल -त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, (पृथ्वीनारायण क्याम्पस भवन, पोखरा)**
**मध्य तथा सुदूर पश्चिमाञ्चल - त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय (भृकुटीनगर, नेपालगञ्ज)**

**मौका (पूरक) परीक्षा आवेदन फारम भर्दा र भराउँदा निम्न आवश्यक प्रक्रियाहरु पूरा गर्नुपर्ने छ :-**

१. क्याम्पसका विद्यार्थीहरुको **मौका (पूरक)** परीक्षा आवेदन फारम भराउँदा क्याम्प्सहरुले विशेष ध्यान दिनुपर्ने कुराहरु:

क) २०६७ सालमा पहिलो पटक प्रथम खण्डको परीक्षामा नियमित रुपमा सम्मिलित भई सबै विषयको परीक्षा उर्त्तीण गरी २०६८ सालमा पनि पहिलो पटक द्वितीय खण्डको परीक्षामा नियमित रुपले सबै विषयमा सम्मिलित भई कुनै एक सैद्धान्तिक विषयमा (पत्रमा) मात्र अनुत्तीर्ण भएकाहरुले **दुवै खण्डको सक्कल लब्धांक पत्रको प्रमाणित प्रतिलिपि** (क्याम्पसका परीक्षार्थीरुले क्याम्पस प्रमुखबाट) प्रमाणित गराई **मौका (पूरक)** परीक्षा आवेदन फारम साथै संलग्न गराउनुपर्नेछ ।

ख) क्याम्पसले **मौका (पूरक)** परीक्षा आवेदन फारम भराई मिति २०६८।०८।१२ गते अगाडि आवश्यक प्रक्रिया पुऱ्याई मध्यमाञ्चलका क्याम्पसले परीक्षा नियन्त्रण कार्यालय बल्खुमा र अरु क्षेत्रका क्याम्पसले सम्बन्धीत परीक्षा नियन्त्रण कार्यालयहरुमा बुझाई सक्नुपर्ने छ ।

ग) तोकिएको समयमा परीक्षा लिनुपर्ने भएकोले हुलाक र कुरियरद्वारा पठाएका परीक्षा आवेदन फारम स्वीकृत हुने छैनन् ।

घ) अन्य विस्तृत जानकारीकालागि सम्बन्धित सबैले त्रि.वि. क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय वा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा सम्पर्क राख्न सक्नेछन् ।

ङ) **मौका (पूरक)** परीक्षामा आंशिक परीक्षा दिएका विद्यार्थीहरु सम्मिलित हुन पाउने छैनन् ।

च) प्रयोगात्मक विषयमा मौका (पुरक) परीक्षा दिन पाइने छैन ।

छ) अनुपस्थित भएको विषयमा मौका (पुरक) परीक्षा दिन पाइने छैन ।

**ज) तोकिएको म्यादभित्र प्राप्त नभएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही गरिने छैन ।**

झ) क्याम्पसका परीक्षार्थीहरुको परीक्षा आवेदन फारम पठाउँदा संकायगत छुट्टाछुट्टै फाइल गरी यस कार्यालयमा बुझाउनुपर्ने छ ।

२. प्राइभेट परीक्षार्थीहरुको हकमा मौका (पूरक) परीक्षा दिन निम्न प्रक्रियाहरु पुगेको हुनुपर्दछ :

२०६७ सालको परीक्षामा पहिलो पटक प्रथम खण्डको सबै विषयमा प्राइभेट परीक्षार्थीको रुपमा उत्तीर्ण गरेको सक्कल लब्धांक-पत्र र २०६८ सालको द्वितीय खण्डमा पनि सबै विषयको परीक्षामा सम्मिलित भई कुनै एक सैद्धान्तिक विषयमा (पत्रमा) मात्र अनुत्तीर्ण भएको सक्कल लब्धांक-पत्र मौका परीक्षाको परीक्षा आवेदन फारम साथै पेश गर्नुपर्ने छ ।

३. यो **मौका (पूरक)** परीक्षा तोकिएको केन्द्रबाट मात्र दिनुपर्ने छ । अन्यथा हुन गएमा उक्त परीक्षा स्वतः रद्द हुनेछ ।

**४. नियमित तथा प्राइभेट मौका (पूरक) परीक्षा दिने परीक्षार्थीहरुकालागि निम्न परीक्षा केन्द्र निर्धारण गरिएको छः**

| सि.नं. | परीक्षा केन्द्र | सि.नं. | परीक्षा केन्द्र |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रका नियमित तथा प्रँइभेट सम्पूर्ण परीक्षार्थीहरुको परीक्षा केन्द्र :- स्नातकोत्तर क्याम्प्स, विराटनगर | ४ | उपत्यका बाहिर मध्यमाञ्चल :- सिन्धुली, धनुषा, सर्लाही, बारा, पर्सा, चितवन र मकवानुर जिल्लाका नियमित तथा प्राइभेट सम्पूर्ण परीक्षार्थहिरुको परीक्षा केन्द्र :- वीरेन्द्र ब. क्याम्पस, भरतपुर |
| २. | पश्चिमाञ्चल क्षेत्रका नियमित तथा प्राइभेट सम्पूर्ण परीक्षार्थीहरुको परीक्षा केन्द्र :- पृथ्वी नारायण क्याम्पस, पोखरा | ५. | उपत्यका भित्र मध्यमाञ्चल :- बागमति अञ्चल सबै र दोलखा जिल्लाका नियमित तथा प्राइभेट सम्पूर्ण परीक्षार्थीहरुको परीक्षा केन्द्र नेपाल ल क्याम्पस, प्रदर्शनी मार्ग |
| ३. | मध्य तथा सूदुर पश्चिमाञ्चल क्षेत्रका नियमित तथा प्राइभेट सम्पूर्ण परीक्षार्थीहरुको परीक्षा केन्द्रः- महेन्द्र ब. क्याम्स, नेपालगञ्ज | | |

**५. परीक्षा शुल्कः**

नियमित तथा प्राइभेट **मौका (पूरक)** परीक्षा शुल्क प्रति विद्यार्थी रु.८१०/-

**६. परीक्षा कार्यक्रमः**

**प्रवीणता प्रमाणपत्र तह द्वितीय खण्डका मानविकी, व्यवस्थापन , विज्ञान र शिक्षा शास्त्र तर्फका सम्पूर्ण विषयको मौका (पूरक) परीक्षा मिति २०६८ मंसीर २२ गते विहान ११:०० बजे देखि २:०० बजेसम्म माथि उल्लिखित केन्द्रहरुमा सञ्चालन हुने छ ।**

gf]ः त्रि.वि. क्षे.प.नि.का. विराटनगर ( फोन नं. ०२१-५३०७६९), त्रि.वि. क्षे.प.नि.का. पोखरा (फोन नं. ०६१-५३३४४९), त्रि.वि. क्षे.प.नि.का. नेपालगञ्ज (फोन नं. ०८१-५२४५२०) र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय बल्खु, काठमाण्डौं (फोन नं.: ४२८३९१३, ४२७४९२४ र ४६७२६३२) बाट पनि जानकारी लिन सकिने छ ।

यो सूचना त्रि.वि.प.नि.का. को website: www.tuexam.edu.np, www.edusanjal.com र www.educationsansar.com मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**